# स्थानीय राजपत्र

**भानु नगरपालिकाद्वारा प्रकाशित**

**खण्ड: ०७** **संख्या: ०४** **मिति: २०८१/०४/०१**

**भाग-१**

**भानु नगरपालिका**

नेपालको संविधान बमोजिम भानु नगरसभाले बनाएको देहाय बमोजिमको ऐन सर्वसाधरणको लागि प्रकाशन गरिएको छ ।

# आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन ऐन, २०८१

प्रमाणिकरण मिति: २०८१।०३।३०

**प्रस्तावना** : नेपाल सरकारद्वारा वि सं २०५२ मा विकास समिति ऐन २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी आदिकवि भानुभक्त जन्मस्थल विकास समिति (गठन) आदेश जारी भएको र वि सं २०७६ मा श्री भानु जन्मस्थल विकास समिति नामाकरण भई सोही आदेश बमोजिम

सञ्चालनमा रहेकोमा नेपाल सरकार (म.प.) को मिति २०८०|१०|२५ को निर्णयानुसार सो समिति भानु नगरपालिकामा हस्तान्तरण भई आएको हुँदा उक्त समितिले गरिआएका काम कारवाहीहरुलाई निरन्तरता दिई भानु स्मृति भवन चुँदी रम्घाबेंशी, सालटारी, भानु स्मृति उद्यान, चुँदी रम्घाबेंशी, पुरनडिही, भानु शिखर कटेरी, रम्घा धर्मशाला, भानु साहित्य उद्यान रम्घादेखि तामाकोट लगायत अन्यत्र रहेका भानुभक्तको जीवनी र स्मृतिसँग सम्बन्धित जग्गा जमिन स्मारक कला स्थापत्य र साँस्कृतिक तथा सामाजिक महत्वका वस्तु आदिलाई समेत एकीकृत गरी सो क्षेत्रको समग्र विकास गर्ने उद्देश्यले नेपालको संविधानको धारा ५७ को उपधारा ४ र अनुसूची ८ तथा स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी नगरसभाको मिति २०८१ असार ३० गतेको निर्णयबाट आदिकवि भानुभक्त जन्मस्थल विकास समिति ऐन, २०८१ जारी गरिएको छ ।

**1. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम **आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन ऐन २०८१** रहेको छ ।

(२) यो ऐन भानु नगरपालिकाको नगरसभाबाट पारित भई स्थानीय राजपत्रमा प्रकाशन भएको मितिदेखि लागु हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस ऐनमा

(क) समिति भन्नाले भानु नगरपालिकाको नगरसभाद्वारा पारित गरिएको आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन ऐन, २०८१ बमोजिम स्थापना र सञ्चालनमा आएको समिति सम्झनु पर्दछ ।

(ख) आदिकवि भानुभक्त जन्मस्थल भन्नाले ऐतिहासिक दृष्टिकोणले आदिकवि भानुभक्त आचार्यसँग सम्बन्धित भानु नगरपालिका अन्तर्गतका क्षेत्र सम्झनु पर्दछ ।

(ग) अध्यक्ष भन्नाले यस ऐन बमोजिम नियुक्त भएको समितिको अध्यक्ष सम्झनु पर्दछ ।

(घ) सदस्य भन्नाले यस ऐन बमोजिम नियुक्त भएका पदेन रहेका तथा अध्यक्ष र प्रमुख कार्यकारी अधिकृतसमेत सम्झनु पर्दछ ।

(ङ) निर्देशक समिति भन्नाले यस ऐनको दफा ४ बमोजिम गठन भएको समिति सम्झनु पर्दछ ।

(च) तोकिएको वा तोकिए बमोजिम भन्नाले यस ऐन बमोजिम बनेको कार्यविधिमा तोकिएको वा तोकिएबमोजिम भनी लेखिएको सम्झनु पर्दछ ।

**३. उद्देश्य** : आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन ऐन २०८१ का उद्देश्यहरु यसप्रकार हुनेछन्

(क) भानु स्मृति भवन चुँदी रम्घावेशी सालटारीमा सञ्चालनमा रहेको तत्कालिन आदिकवि भानुभक्त जन्मस्थल विकास समिति रहेको भवन, भानु अतिथि सदन भानु संग्राहलय, भानु सभाकक्ष लगायतका स्रोत साधन, सम्पत्ति तथा कार्यालयिक अभिलेख आदिको उपयोग, संरक्षण र निरन्तरता दिई तिनको रेखदेख तथा सञ्चालन गर्नु ।

(ख) भानु पुस्तकालयलाई समेत एकीकृत रुपमा यसै समिति अन्तर्गत राखी त्यसको संरक्षण, सम्बर्द्धन र विकास गरी त्यसलाई समृद्ध पुस्तकालयका रुपमा विकास गर्नु ।

(ग) चुँदीरम्घाबेशी पुरनडिहीमा निर्माणाधीन अवस्थामा रहेको भानु स्मृति उद्यानको रेखदेख गरी त्यसलाई भानुभक्तको बाल्यकालीन स्मृति झल्काउने गरी विकास गर्नु ।

(घ) अन्य निकायका सक्रियतामा रम्घा धर्मशालामा बन्दै गरेका संरचनालाई "भानु जन्मस्थल वृहत गुरुयोजना" भित्र समेटी तिनको दायित्व लिनु र तिनलाई भानुभक्तको जीवनीका महत्वपूर्ण पक्ष झल्कने गरी विकास गर्नु ।

(ङ) राम्घादेखि तामाकोटसम्म अधिग्रहण गरिएका वा भविष्यमा अधिग्रहण गरिने जग्गामा आदिकवि भानुभक्तको विशाल प्रतिमा निर्माण गर्न, भानुभक्तको कृतित्वलाई झल्काउने गरी रामायण मन्दिर निर्माण गर्न, नेपालका विविध भाषाभाषी समुदायका स्रष्टाहरुको मूर्ति स्थापना गर्न, भानु साहित्य ग्राम, भानु प्रज्ञा भवन, वनस्पति उद्यान, नेपाल माता भवन, मनोरञ्जन क्षेत्र लगायतका संरचना निर्माण गर्न र नेपालका प्रमुख धार्मिक साँस्कृतिक स्थलको झल्को दिने गरी सप्तधाम निर्माण लगायत कामहरु गर्नका लागि विस्तृत गुरुयोजना बनाउनु र स्वीकृत योजना बमोजिम संरचनाहरु निर्माण गर्नु ।

(च) चुँदीरम्घा र त्यसको आसपास रहेका भानुभक्त र नेपाली भाषा साहित्यका मूर्धन्य स्रष्टाहरुसँग सम्बन्धित स्थल पहिचान गरी ती स्थललाई समेटेर भानु पदयात्रा मार्गको विकास गर्नु ।

(छ) भानुभक्तको जन्मजयन्तीलाई राष्ट्रिय पर्वका रुपमा मनाउनु र भानु स्मृति दिवसलाई समेत सम्मान गर्नु एवं आदिकवि भानुभक्त जन्मस्थललाई साहित्यिक तीर्थस्थलका रुपमा विकसित गर्न विविध गोष्ठी, सभा, सम्मेलन आदिको आयोजनाका साथ अन्य स्रष्टाका जयन्ती मनाउने विषयलाई महत्व दिनु ।

(ज) भानुभक्तको जीवनी, काव्यकृति र समालोचनासँग सम्बन्धित कृतिहरु प्रकाशित गर्नु र विभिन्न प्रचारप्रसारका माध्यमद्वारा तत्सम्बन्धमा परिचर्चाका कार्यक्रमहरु आयोजना गर्नु ।

(झ) भानुभक्तको स्मृतिचिन्हका रुपमा परिचित विर्केटोपी, दौरासुरुवाल, मडुवा नेपाली कागज, बाँसको कलम लगायतका सामग्री र भानुका लघुप्रतिमा तथा चित्रहरु उत्पादन गरी विक्री गर्नु ।

(ञ) आदिकवि भानुभक्त जन्मस्थलको समग्र विकासका निम्ति शैक्षिक, सामाजिक, साँस्कृतिक अभियान सञ्चालन गर्नु ।

(ट) भानु नगरपालिका भित्रका क्षेत्रमा भानु सम्बन्धी भए गरेका सबै क्रियाकलाप तथा निर्माणहरुको एक एकीकृत दीर्घकालीन योजना अन्तर्गत विकास गर्ने अभिप्रायले समन्वयात्मक कार्य सञ्चालन गर्नु ।

(ठ) भानुभक्तको योगदानलाई जीवन्त तुल्याउन र प्रचार गर्न तथा आदिकवि भानुभक्त जन्मस्थलको विकास गर्न आवश्यकतानुसार स्वदेशी तथा विदेशी संस्थाहरुसँग सम्पर्क र समन्वय गर्नु ।

(ड) माथि उल्लेखित उद्देश्यहरु परिपूर्ति गर्न विविध योजना बनाउनु तथा यसै ऐनको दफा ४ मा उल्लेख भएको निर्देशक समितिबाट पारित योजनाहरुको कार्यान्वयन गर्नु गराउनु ।

## ४. निर्देशक समिति

(१) यस ऐनको दफा (५) बमोजिम गठन हुने आदिकवि भानुभक्त जन्मस्थल विकास समितिलाई दिशा निर्देश गर्न नगरपालिकामा एक निर्देशक समिति रहनेछ । उक्त समितिको गठन देहायबमोजिम हुनेछ ।

(क) अध्यक्ष - नगर प्रमुख, भानु नगरपालिका

(ख) सदस्य - सम्बन्धित क्षेत्रका प्रतिनिधि सभा सदस्य

(ग) सदस्य - सम्बन्धित क्षेत्रका प्रदेश सभा सदस्य

(घ) सदस्य - प्रमुख, जिल्ला समन्वय समिति तनहुँ

(ङ) सदस्य - उप प्रमुख, भानु नगरपालिका

(च) सदस्य - प्रमुख जिल्ला अधिकारी, तनहुँ

(छ) सदस्य - प्रमुख, मालपोत कार्यालय तनहुँ

(ज) सदस्य - प्रमुख, डिभिजन वन कार्यालय तनहुँ

(झ) सदस्य - भानु नगरपालिकाका वडाध्यक्षहरु सबै

(ञ) सदस्य - भानुभक्तको जीवनी तथा भानुसम्बन्धी विषयसँग सम्बद्ध अन्य पालिकाका प्रमुख

(ट) सदस्य - प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय नेपाल सरकार

(ठ) सदस्य - प्रतिनिधि, उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालय, गण्डकी प्रदेश, पोखरा

(ड) सदस्य - आदिकवि भानुभक्त जन्मस्थलको विकास तथा भानुभक्तको योगदानलाई राष्ट्रिय तथा अन्तर्राष्ट्रिय तहमा विस्तार गर्न योगदान दिएका प्रमुख संस्थाका प्रतिनिधि २ जना

(ढ) सदस्य - तनहुँ जिल्लाका नेपाली भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा विशिष्ट योगदान दिएका व्यक्तिहरु मध्येबाट २ जना

(ण) सदस्य सचिव - प्रमुख प्रशासकीय अधिकृत, भानु नगरपालिका

(२) निर्देशक समितिका सदस्यहरुको मनोनयन नगर कार्यपालिकाले गर्नेछ ।

(३) पदेन बाहेकका मनोनित सदस्यको पदाबधि चार वर्षको हुनेछ ।

(४) माथि दफा ४ (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि मनोनित सदस्यको कार्यसम्पादन क्षमता सन्तोषजनक नभएमा नगर कार्यपालिकाले पदावधि अगावै पदबाट हटाउन तथा समिति पुनर्गठन गर्न सक्नेछ । तर पदबाट हटाउनुपुर्व आफ्नो सफाइ पेश गर्ने मौकाबाट वञ्चित गरिने छैन ।

**५. आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको गठन**

(१) यस ऐनको दफा (३) मा उल्लेख भएका उद्देश्य प्राप्तिका लागि देहाय बमोजिमको आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको गठन हुनेछ ।

(क) अध्यक्ष - नेपाली भाषा, साहित्य र संस्कृतिको क्षेत्रमा विशिष्ट योगदान पुऱ्याएका वा सामाजिक क्षेत्रको नेतृत्वदायी भूमिका निर्वाह गरेको व्यक्तिहरु मध्येबाट नगर कार्यपालिकाद्वारा मनोनित व्यक्ति

(ख) सदस्य - भानु नगरपालिकाको वडा नं ४, ५, ६ र ७ का वडाध्यक्षहरु

(ग) सदस्य - नेपाली भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा विशिष्ट योगदान दिएका गण्डकी क्षेत्रका व्यक्तिहरु मध्येबाट कम्तिमा दुईजना महिलासहित पाँचजना

(घ) सदस्य - जुनसुकै स्थानमा रही नेपाली भाषा, साहित्य र संस्कृतिका क्षेत्रमा विशिष्ट योगदान दिएका कम्तिमा एकजना महिला सहित नेपाली नागरिक तीनजना

(ङ) सदस्य - भानुभक्त आचार्य तथा नेपाली साहित्यलाई स्वदेश तथा विदेशमा चिनाउनमा योगदान दिएका स्वदेशी वा विदेशी अनुसन्धानकर्ता, साहित्यकार, सर्जक, संस्कृतिकर्मी इतिहासविद वा पुरातत्वविदहरु मध्येबाट एकजना

(च) सदस्य - स्थानीय तहमा विकास निर्माण तथा सम्पदा संरक्षणका क्षेत्रमा नेतृत्वदायी भूमिका निर्वाह गरेका व्यक्तिहरु मध्येबाट दुईजना

(छ) सदस्य-सचिव - आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका कार्यकारी अधिकृत

(२) विकास सदस्यहरु मनोनयन गर्दा मनोनितहरु मध्ये न्यूनतम् एक तृतीयंश महिलाको प्रतिनिधित्व हुनुपर्नेछ ।

(३) पदेन बाहेक मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ ।

(४) माथि जुनसुकै कुरा लेखिएको भएतापनि नगर कार्यपालिकाले आवश्यक ठानेमा मनोनित सदस्यहरुको कार्यकाल अगावै पनि हटाउन वा समितिको पुनर्गठन गर्न सक्नेछ ।

६. **विकास समितिको काम, कर्तव्य र अधिकार** : समितिको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछन् ।

(क) आदिकवि भानुभक्त जन्मस्थलको विकासका निम्ति गुरुयोजना लगायत वार्षिक योजना तथा कार्यक्रम तयार गरी स्वीकृतिका लागि नगर कार्यपालिकामा पेश गर्ने गराउने ।

(ख) नगर कार्यपालिकाबाट स्वीकृत बार्षिक कार्यक्रमहरु प्रभावकारी रुपमा कार्यन्वयन गर्ने ।

(ग) योजना तथा कार्यक्रमहरु कार्यान्वयनका निम्नि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघ संस्था, निकाय वा व्यक्ति र विदेशी सरकारबाट नगद वा जिन्सी वा अन्य कुनै प्रकारको सहयोग प्राप्त गर्दा नगरकार्यपालिकाको स्वीकृत लिने ।

(घ) भानुभक्तसँग प्रत्यक्ष वा अप्रत्यक्षरुपमा सम्बन्धित ऐतिहासिक स्थलको संरक्षण र संवर्द्धन गर्ने तथा त्यस्ता स्थलको पुरातात्त्विक महत्त्व कायम राखी पुनर्निर्माण गर्ने/ गराउने ।

(ङ) भानुभक्तले उपयोग गरेका र भानुभक्तकालीन सामग्रीहरु, भानुभक्तका हस्तलेख र भानु जन्मस्थलमा पाइने प्राचीन लेख्य सामग्रीहरु सङ्कलन, तिनको व्यवस्थापन रप्रचार गरी भानु संग्राहलयलाई समृद्ध बनाई अवलोकनीय स्थलका रुपमा विकास गर्ने ।

(च) चुँदीरम्घामा वि.सं. २००८ मा स्थापना भएको र पछि आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको रेखदेखमा रहेको भानु पुस्तकालयलाई यही समितिले नै स्थायीरुपमा जिम्मा लिँदै सार्वजनिक पुस्तकालयका रुपमा संसक्षण गरी नेपाली भाषा र साहित्यको भण्डारका रुपमा विकास गर्ने ।

(छ) आदिकवि भानुभक्त जन्मस्थललाई नेपाली भाषा, साहित्य र संस्कृतिको तीर्थस्थलका रुपमा विकास गर्न भानुभकर्तसंग सम्बन्धित भएका स्थानमा ऐतिहासिक स्मारक निर्माण गर्ने र भानुभक्तका काव्यकृति तथा उनको जीवनी एवम् समालोचना सम्बन्धी सामग्री प्रचारप्रसार गर्नेका निम्ति योजना बनाई तिनको कार्यान्वयन गर्ने ।

(ज) आदिकवि भानुभक्त जन्मस्थललाई नेपाली भाषा र नेपालका सबै भाषाभाषी समुदायको साहित्यिक तथा सांस्कृतिक केन्द्रका रुपमा विकास गरी राष्ट्रिय एकताको भावनालाई सुदृढ तुल्याउन भाषिक, साहित्यिक, शैक्षिक तथा सांस्कृतिक महत्वका सभा, सम्मेलन, गोष्ठी र प्रदर्शनीहरु आयोजना गर्ने ।

(झ) आदिकवि भानुभक्त जन्मस्थललाई नेपाल बाहिर रहेका नेपाली भाषा समुदाय तथा नेपाली जातिका शुभचिन्तक समुदायको प्रमुख गन्तव्यका रुपमा विकास गर्न विविध योजना बनाउने र एक अर्काका स्थानका उत्तम अभ्यास Best Practice हरु अवलोकन गर्न भ्रमणमा जान र आमन्त्रण गर्न आवश्यक व्यवस्था मिलाउने ।

(ञ) आदिकवि भानुभक्त जन्मस्थलको विकासमा योगदान दिदैं आएका र यस अघि अस्तित्वमा रहेका भानु जन्मस्थल विकास समिति तथा आदिकवि भानुभक्त जन्मस्थल विकास समितिले स्वीकृत गरेका योजनाहरुसमेत कार्यान्वयनका निम्ति पहल गर्ने ।

(ट) आदिकवि भानुभक्त जन्मस्थलका निमित्त विविध क्रियाकलापमा सहयोग गर्ने राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सरकारी, गैरसरकारी वा निजि संसथा वा व्यक्तिहरुका बीचमा समन्वय कायम गरी सहकार्य गर्ने ।

(ठ) माथी (दफा ६ को झ) उल्लेख भएका विविध पक्षमा कसैबाट आघात पुग्ने कार्य भए गरेमा त्यसको नियन्त्रण तथा निषेध गर्ने । यसका निम्ति आवश्यकता अनुसार स्थानीय सामाजिक संस्था वा अन्य सरकारी वा गैरसरकारी निकायको सहयोग लिने ।

(ड) आदिकवि भानुभक्त जन्मस्थलको सुधार र भानुका योगदान, भाषा, साहित्यका विषयमा आवश्यक खोज अनुसन्धान गर्ने ।

(ढ) जन्मस्थल क्षेत्रभित्र रहेका मठमन्दिर, पाटी, पौवा, चौतारी, पधेरो, कुवा, कुलो, भन्ज्याङग, देउराली, पोखरी, घाट, बगैचा, काल, ढिकी, जाँतो, मौल लगायतका सामाजिक जीवन शैली र व्यवहारसंग सम्बन्धित पक्षहरुको संरक्षण गर्ने र दर्शनीय बनाउने ।

ण) आदिकवि भानुभक्त जन्मस्थल क्षेत्रमा सञ्चालित भानु साहित्य उद्यान जस्ता आयोजनाको सफल कार्यान्वयनका लागि जग्गा अधिग्रहण, गुरुयोजना तयारी, संरचना निर्माण, विभिन्न वस्तुगत तथा विषयगत कार्यक्रमहरु सञ्चालन गर्ने ।

त) जन्मस्थल क्षेत्रभित्र सांस्कृतिक हिसाबले अभ्यासमा आएका नाच, बालोन, चुड्का, भजन, नाटक, पुराणवाचन, गाउने बजाउने बेठीलाउने, घ्यान्तुगे, कला, सीपलगायतका प्रचलनलाई संरक्षण तथा सम्बर्धन गर्ने ।

थ) भानु नगरपालिकाद्वारा जारी आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन सम्बन्धी ऐन, २०८१ र सो बमोजिम जारी नियमावली, कार्यविधि तथा निर्देशिकाका उद्देश्य पुर्तिका निम्ति आवश्यक अन्य काम गर्ने/ गराउने ।

द) समितिको सचिवालय आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको कार्यालय भानु ४ चुँदी रम्घावेशीमा रहनेछ ।

## ७. विकास समितिको बैठक

(क) समितिको बैठक सामान्यतया प्रत्येक दुई महिनामा एकपटक बस्नेछ । अध्यक्षले आवश्यक ठानेमा सो भन्दा बढी पनि बस्न सक्नेछ ।

(ख) समितिको बैठक सामान्यतया समितिको सचिवालयमा बस्नेछ । बैठक बस्ने मिति र समय अध्यक्षले तोकेबमोजिम हुनेछ । बैठक बस्ने सूचना सदस्य सचिवले कम्तीमा सात दिन अगाडि प्रत्येक सदस्यलाई दिनुपर्नेछ ।

(ग) समितिको बैठकमा अध्यक्षले अध्यक्षता गर्नेछन् । निजको अनुपस्थितिमा समितिका ज्येष्ठ सदस्यले अध्यक्षता गर्नेछन् ।

(घ) समितिको कुल सद्स्य संख्याको पचास प्रतिशत उपस्थित भएमा बैठकको लागि गणपुरक संख्या पुगेको मानिनेछ ।

(ङ) समितिको बैठकमा बहुमतको राय मान्य हुने छ र मत बराबर भएमा अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

(च) समितिले योजना तर्जुमा गर्दा वा वार्षिक कार्यक्रम पारित गर्दा निर्देशन समिति सहित संयुक्त बैठक बस्नेछ । यस्तो बैठक सामान्यतया बर्षमा एकपटक बस्नेछ र बैठकमा उपस्थित सदस्यहरुको संख्यालाई गणपूरक संख्या मानिनेछ |

(छ) समितिद्वारा प्रस्तावित वा स्वीकृत कुनै परियोजनाका लागि स्रोत, प्राविधिक दक्षता वा अन्य सहयोग उपलब्ध गराउने व्यक्ति वा संस्थाका प्रतिनिधिलाई सो परियोजना सम्बन्धमा छलफल हुने बैठकमा आमन्त्रित सदस्यका रुपमा सहभागी गराउन सकिनेछ तर त्यस्तो सदस्यलाई मताधिकार हुनेछैन ।

(ज) समितिको निर्णय अध्यक्ष र कार्यकारी अधिकृतद्वारा प्रमाणित गरिने छ ।

## ८. विकास समितिको सचिवालय सम्बन्धी व्यवस्था

(१) समितिको नियमित कामकाज, कार्यक्रमहरुको कार्यान्वयनका लागि सदस्य सचिवको भूमिकामा रहेका कार्यकारी अधिकृतको नेतृत्वमा एक सचिवालय रहनेछ । समितिको सो सचिवालयले देहाय अनुसार कार्यसम्पादन गर्नेछ ।

क) नगरपालिका, निर्देशक समिति तथा आदिकवि भानुभक्त जन्मस्थल विकास समितिका सबै निर्णय कार्यान्वयन गर्दै सबै कामकाजको अभिलेख राख्नु, आवधिक प्रतिवेदन तयार गर्नु, कर्मचारी एवम् सामान्य प्रशासन तथा लेखा वा भण्डार व्यवस्थापनका सम्पूर्ण प्रशासकीय र व्यवस्थापकीय कार्य सम्पादन गर्ने ।

ख) प्रत्येक वर्षका चैत्र मसान्तभित्रमा आगामी आर्थिक वर्षका लागि आवश्यक पर्ने आय तथा व्ययको बनुमानित विवरण समितिबाट पारित गराई निर्देशक समितिमार्फत भानु नगरपालिसकामा पेश गर्ने ।

ग) प्रत्येक वर्षको भाद्र मसान्तभित्रमा विगतको आर्थिक वर्षमा सम्पन्न कार्य तथा आयव्ययको प्रतिवेदन समितिबाट पारित गराई निर्देशक समितिमार्फत भानु नगरपालिकामा पेस गर्नु ।

(२) आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको सदस्य सचिव एवं कार्यकारी अधिकृत मान्यताप्राप्त विश्वविद्यालयबाट न्यूनतम स्नातक तह उतिर्ण गरेको सातौं तहको अधिकृत सरहको पदमा भानु नगर कार्यपालिकाको निर्णय अनुसार कम्तीमा २५ वर्ष उमेर पूरा भएको नेपाली नागरिकलाई नियुक्त गरिने छ, वा नगरको सातौं तहको अधिकृतलाई जिम्मेवारी दिन सकिनेछ ।

## ९. विकास समितिका कर्मचारी व्यवस्थापन

क) समितिको सचिवालयमा आवश्यक पर्ने प्रशासनिक, लेखा, भण्डार, प्राविधिक तथा कार्यालय सहयोगी जस्ता (युटिलिटी) सेवाका लागि समितिले थप दरबन्दी स्वीकृत गर्न सक्नेछ । उक्त दरबन्दी संगठन तथा व्यवस्थापन सर्वेक्षण प्रतिवेदन (O&M Report) भित्र समावेश भई नगरपालिकाबाटबाट स्वीकृत भएको हुनुपर्नेछ ।

ख) साविकको आदिकवि भानुभक्त जन्मस्थल विकास समिति अन्तर्गत नेपाल सरकारले मनोनयन गरी नियुक्त गरेका बाहेक अन्य कर्मचारीको हकमा पहिलेदेखि सेवामा रही २०८१ असार मसान्तसम्म कार्यरत रहेको र कार्यसम्पादन सन्तोषजनक रहेका कर्मचारीलाई सोही अनुरुप समायोजन गरिनेछ ।

ग) कार्यकारी अधिकृत लगायत समितिका काम गर्ने सबै कर्मचारीलाई प्रदान गरिने तलब, भत्ता तथा अन्य सेवा सुविधाका हकमा नगरपालिकाले सोही प्रकारका करार सेवामा रहने अन्य कर्मचारीलाई दिए सरह नै उपलब्ध गराउनेछ ।

## १०. विकास समितिको कोष र यसको सञ्चालन

क) समितिको आफ्नो छुट्टै कोष हुनेछ । उक्त कोषमा निम्नलिखित शीर्षकका रकम जम्मा हुनेछन् ।

१. भानु नगरपालिकाको स्वीकृत वार्षिक बजेटबाट प्राप्त हुने नियमित रकम ।

२. जिल्ला समन्वय समिति, प्रदेश सरकार, संघीय सरकार तथा सांसद विकास कार्यक्रम वा अन्य कुनै राष्ट्रिय वा अन्तर्राष्ट्रिय निकायबाट तोकिएको परियोजनाका निम्ति प्राप्त हुने रकम ।

३. समितिद्वारा उत्पादन सामग्रीहरुको विक्री तथा समितिले उपलब्ध गराउने सेवाबाट प्राप्त हुने रकम ।

४. कुनै व्यक्ति वा संस्थाले सहयता स्वरुप प्रदान गर्ने अनुदान रकम ।

५. अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा एजेन्सीहरुबाट प्राप्त हुने रकम ।

६. अन्य कुनै स्रोतबाट प्राप्त हुने रकम ।

ख) उपदफा (क) को (२) अन्तर्गत देशभन्दा वाह्य स्रोतबाट रकम प्राप्त गर्नुअघि नेपाल सरकारबाट स्वीकृति लिनुपर्नेछ ।

ग) समितिको कोषमा रहने र कारोबार गरिने रकम राष्ट्रबैंकबाट मान्यता प्राप्त 'क' वर्गको वाणिज्य बैकमा खाता खोली जम्मा गरिनेछ । यस खाताको सञ्चालन कार्यकारी अधिकृत तथा नगरपालिकाको लेखा प्रमुखको संयुक्त हस्ताक्षरबाट गरिनेछ ।

घ) कुनै परियोजनाका निम्ति तोकिएको रकम अन्य शीर्षकमा खर्च गरिने छैन । तर सेवा शुल्क बापत भनी उल्लेख गरेर परियोजनाको दस्ताबेजमम नै तोकिए अनुसारको रकम समितिका निर्णयानुसार प्रशासनिक कार्यमा खर्च गर्न सकिनेछ ।

## ११. लेखा र लेखापरीक्षण

क) समितिको आय व्ययको लेखा नेपालको प्रचलित कानुन बमोजिम तोकीएको ढाँचामा राख्नुपर्नेछ ।

ख) समितिको आन्तरिक लेखापरीक्षण नगरपालिकाको आन्तरिक लेखापरीक्षकले गर्नेछ ।

ग) समितिको अन्तिम लेखापरीक्षण महालेखा परीक्षक वा सो विभागबाट तोकिएको लेखापरीक्षकबाट हुनेछ ।

घ) समितिको आय-व्ययको लेखा र तत्सम्बन्धी कागजात तथा नगदी जिन्सी आदि माथिल्लो तहको निकायले जुनसुकै बखत जाँच्न वा जँचाउन सक्नेछ ।

ङ) समितिका अध्यक्ष र पदाधिकारीले आय-व्ययको लेखा हेर्ने चाहेमा नियमानुसार हेर्न पाउनेछन् ।

## १२. उपसमिति वा कार्यटोली गठन

क) विकास समितिले विशेष काम गराउनु परेमा निर्देशक समिति समक्ष प्रस्ताव गरी उपसमिति वा कार्यटोलीहरु गठन गरी जिम्मेवारी तोक्न सक्नेछ ।

ख) उपदफा (क) बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार र सेवा सुविधा निर्देशक समितिको निर्णयअनुसार गर्ने गरी भानु जन्मस्थल विकास समितिले तोक्नेछ ।

## १३. बैठक भत्ता तथा अन्य सुविधा

क) विकास समितिका अध्यक्ष, सदस्य र आमन्त्रित सदस्यहरुलाई तोकिएबमोजिम बैठक भत्ता उपलब्ध गराइनेछ तर कार्यालय समयमा बैठक बसेका अवस्थामा सो समयमा काम गर्ने कर्मचारीहरुले बैठक भत्ता पाउने छैनन् ।

ख) समितिद्वारा अध्यक्ष र सदस्यहरुलाई कुनै कामको जिम्मा दिई नियमित वा आंशिक समय कार्यालयमा उपस्थित हुनुपर्ने वा समिति अन्तर्गतको कुनै जिम्मेवारी तोकी काममा पठाएमा तोकिएबमोजिम भत्ता, यातायात खर्च, इन्धन तथा संचार र अन्य सुविधा नियामानुसार उपलब्ध गराउन सकिनेछ ।

## १४. विविध

क) **अधिकार प्रत्यायोजन :** विकास समिति आफूलाई प्राप्त अधिकारमध्ये केही वा सबै अधिकार आवश्यकता अनुसार अध्यक्ष, कार्यकारी अधिकृत, उपसमित वा कार्यटोली वा समितिको कुनै कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

**ख) संघ, प्रदेश तथा स्थानीय सरकारहरुसंग सम्पर्क :** विकास समितिले संघ, प्रदेश तथा स्थानीय सरकार र अन्य केन्द्रीय तथा क्षेत्रीयस्तरका प्राज्ञिक एवं शैक्षिक संस्थासंग सम्पर्क राख्दा नगरपालिकामा जानकारी दिई सम्पर्क राख्नुपर्नेछ ।

**ग) विकास समितिको कार्यालय :** आदिकवि भानुभक्त जन्मस्थल विकास समितिको कार्यालय तनहुँ जिल्लाको भानु नगरपालिका अन्तर्गत वडा नं. ४ स्थित भानु स्मृति भवनमा रहनेछ । ऐनद्वारा समितिको जिम्मेवारी भनी तोकिएको विषयमा अन्यत्र बसी काम कारवाही अघि बढाउनुपर्ने अवस्थामा भानु नगरपालिकासंग पूर्व स्वीकृति लिई थप व्ययभार नबढ्ने गरी त्यस्ता ठाँउमा शाखा वा सम्पर्क कार्यालय स्थापना गर्न सकिनेछ ।

**घ) नियम बनाउने अधिकार :** समितिले आदिकवि भानुभक्त जन्मस्थल विकास समिति गठन तथा सञ्चालन ऐन २०८१ को अधीनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि, दिग्दर्शन आदि बनाउन सक्नेछ । यस्ता नियमहरु भानु नगरकार्यपालिकाबाट स्वीकृत भएपछि मात्र लागु हुनेछन् ।

**१५. संक्रमणकालीन व्यवस्था**

क) नेपाल सरकारको गठन आदेश, २०५२ अनुसार संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय अन्तर्गत गठन भई २०५३ सालदेखि भानु जन्मस्थल विकास समिति (पछि आदिकवि भानुभक्त जन्मस्थल विकास समिति) का नामले काम गर्दै आएकोमा सो संस्था नेपाल सरकारको मिति २०८०।१०।२५ को निर्णयनुसार भानु नगरपालिकामा हस्तान्तरण भई आएकाले नेपाल सरकारको गठन आदेश, २०५२ यस संस्थाका हकमा खारेज भएको छ । आदिकवि भानुभक्त जन्मस्थल विकास समिति भानु नगरपालिकामा हस्तान्तरण भई आउनु अघिको दायित्वका सम्बन्धमा भानु नगर कार्यपालिकाको निर्णयानुसार हुनेछ ।

ख) सो समितिबाट हस्तान्तरण भई आउने कर्मचारीहरुको सेवा, सर्त र सुविधा आदि सम्बन्धमा भानु नगरपालिकाबाट स्वीकृत हुने करार सेवामा कर्मचारी नियुक्ति तथा व्यवस्थापन सम्बन्धी कार्यविधि २०७५ बमोजिम हुनेछ ।

आज्ञाले
दिवाकर पौडेल
प्रमुख प्रशासकीय अधिकृत